नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## वैदेशिक रोजगार विभाग
**ई.पी.एस कोरिया शाखा**
**ग्वार्को, ललितपुर ।**

# सूचना

२०७७/१०/०२

ई.पी.एस. प्रणाली अन्तर्गत हालसम्म करिव ६५००० भन्दा बढी नेपाली युवा जनशक्ति वैदेशिक रोजगारीका लागि कोरिया पुगिसकेका छन् । नेपाल सरकार र कोरिया सरकारबीच भएको द्विपक्षिय संझौता (MOU) को आधारमा दुवै देशका सम्बन्धित निकायहरुले ई.पि.एस. कामदारहरुलाई निष्पक्ष र पारदर्शी रुपमा छनौट गरी सरल र सहज रुपमा कोरिया पठाउने र निजहरुको सुरक्षा, हित एंव सुविधा प्रवर्द्धनमा द्विपक्षिय सहमतिका आधारमा कार्य गर्दै आइरहेका छन् । विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारणले लकडाउन र अन्तर्राष्ट्रिय उडान बन्द भएको हुँदा यस प्रणाली अन्तर्गत कामदार कोरिया पठाउने कार्य अवरुद्ध हुन पुगेको छ । नेपाल सरकारद्वारा लकडाउन अन्त्यको घोषणा भई अन्तर्राष्ट्रिय उडानहरु सुचारु भै सकेपछी सवै स्वास्थ्य सावाधानी अपनाएर कामदार पठाउने प्रकृया अगाडी बढाउनको लागी नेपाल सरकारको विभिन्न निकायहरुबाट समेत पहल हुंदै आएको तथा वैदेशिक रोजगार विभाग, ई.पी.एस. कोरिया शाखावाट HRD service of korea संग औपचारिक रुपमा प्रस्ताव गरिएकोमा तहाँबाट कोरिया सरकारको कानुनको अधिनमा रहि सुरक्षित रुपमा नेपाली कामदार भित्राउने सम्बन्धमा गृहकार्य भईरहेको जानकारी प्राप्त भएको छ ।

यसरी दुई देशका सम्बन्धित निकायहरुले कोभिड-१९ महामारीको विषम परिस्थितिमा सुरक्षित रुपमा कामदार कोरिया पठाउने प्रकृया सुचारु गर्न गृहकार्य गरिरहेको अवस्थामा विभिन्न सामजिक संञ्जालहरुमा भ्रमपूर्ण सूचनाहरु प्रवाहित गर्ने र विभिन्न आन्दोलनका कृयाकलापहरु गर्ने कार्य भईरहेको हुँदा यस्ता कृयाकलापले ई.पी.एस. प्रणालीमा नकारात्मक असर पर्न सक्ने तर्फ सचेत रहन साथै यो प्रणाली द्विपक्षिय सहमती र सहकार्यमा मात्र प्रभावकारी रुपमा अगाडी बढ्न सक्ने वास्तविकता लाई हृदयङ्गम गरी त्यस्ता कृयाकलापमा संलग्न नहुन र धैर्यता कायम राख्न सम्पूर्ण सरोकारवाला व्यक्तिहरुलाई हार्दिक अनुरोध छ ।

साथै आगामी दिनमा कामदार कोरिया पठाउने प्रकृया सुचारु गर्न र देखिएका समस्याहरु दुइपक्षिय सहमतिका आधारमा तत्काल समाधान गर्न तथा सो हुन नसकेमा तालुक निकायहरु मार्फत आवश्यक पहल गर्न वैदेशिक रोजगार विभाग, ई.पी.एस. कोरिया शाखा प्रतिवद्ध रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

२०७७।१०।२

इन्द्र गौतम
निर्देशक

**"कोरोनाबाट बच्न सुरक्षित उपाय अपनाऔं । आफु पनि बचौं, अरुलाई पनि बचाऔ।"**

**धन्यबाद !**